## जिल्ला स्तरमा सुशासन सुधारका लागि प्रस्तावहरू

यस पर्चाले जिल्ला स्तरमा सुशासन सुधारका लागि प्रस्तावहरुको परिचय दिन्छ । विवरणका लागि, कृपया गृह मामिला विभागको वेबसाइट www.had.gov.hk मा हेर्नुहोस् ।

## जिल्ला स्तरमा सुशासन सुधारको आवश्यकता

- **बेसिक ल को धारा 97** बमोजिम, जिल्ला परिषद्हरु (DCs) भनेका जिल्ला **सल्लाहकार** र **सेवा** संस्थानहरु हुन् जो **राजनीतिक शक्तिका हिस्सा हैनन्** ।

- DCs को छैटौं कार्यकालका सुरुवात देखि नै, DCs को कार्य प्रणालीहरूको गम्भीर उल्लङ्घन गर्ने कार्यहरू भएको थिए । केही DC सदस्यहरूले राष्ट्रिय सुरक्षालाई अवमूल्यन गरे, हङकङको तथाकथित "स्वतन्त्रता" को वकालत गरे, कालो पहिरन लगाउनेहरुको हिंसालाई समर्थन गरे, र राष्ट्रिय सुरक्षा कानूनको विरोध गरे। उनीहरूले सरकारको प्रशासनमा अनैतिकतापूर्वक बाधा पुऱ्याए, समाजमा जानीजानी विभाजन र द्वन्द्व सृजना गरे, सर्वसाधारणको जीविकोपार्जनलाई बेवास्ता गर्नको साथै उनीहरुको हितमा हानी पुर्याए ।
- हामीले संस्थागत रूपमा DCs लाई सही बाटोमा पुनर्स्थापित गर्नुपर्छ:
  **(1) बेसिक ल अन्तर्गत DCs ले आफ्नो पद पुनर्वहाली गर्ने**
  **(2) जिल्ला सुशासन संरचनालाई सुदृढ गर्ने**

## तीन मार्गदर्शक सिद्धान्तहरू

- **राष्ट्रिय सुरक्षालाई** सबैभन्दा उच्च प्राथमिकतामा राखिनुपर्छ। 'एक देश, दुई प्रणालीहरु' सिद्धान्तलाई पूर्ण र निष्ठापूर्वक लागू गरिनुपर्छ ।
- **"देशभक्त द्वारा हङकङ प्रशासन गर्ने"** सिद्धान्त पूर्ण रूपमा लागू गरिनुपर्छ ।
- **"कार्यकारीको नेतृत्वमा" सुशासन** गरिएको तय हुनुपर्दछ ।

## प्रमुख पहलहरू

(1) **परिमार्जित DCs को संरचना**; नियुक्त, जिल्ला समिति निर्वाचन क्षेत्र र जिल्ला परिषद् भौगोलिक निर्वाचन क्षेत्रका सदस्यहरूको कुल सदस्य संख्या क्रमशः 40%, 40% र 20% छन्, साथै 27 जना पदेन सदस्यहरू छन्, फलस्वरूप कुल 470 सीटहरू छन्।

(2) "देशभक्त द्वारा हङकङ प्रशासन गर्ने" सिद्धान्तलाई पूर्ण रूपमा लागू गर्न **योग्यता समीक्षा संयन्त्रको** परिचय

(3) **जिल्ला अधिकारीहरू (DOs) लाई DC अध्यक्षको रूपमा** "कार्यकारीको नेतृत्वमा" सुशासन प्रदर्शन गर्न र जनताको सेवामा अझ प्रभावकारी रूपमा समन्वय गर्न नियुक्त गरिएको छ ।

(4) DC सदस्यहरूको **पारिश्रमिक प्याकेज** सामान्यतया हालको स्तर मै कायम गरिएको छ ।

(5) जनताको अपेक्षा पूरा गर्न असफल भएका DC सदस्यहरूमाथि छानबिन गर्नका लागि DC सदस्यहरूको जवाफदेहिता र उनीहरूको कामको पारदर्शितालाई थप बलियो बनाउन **DC सदस्यहरूको कार्यसम्पादन अनुगमन का लागि संयन्त्रको** सुरुवात गरिएको छ ।

(6) **सुदृढ जिल्ला सुशासन संरचनाः**

- ➢ जिल्ला प्रशासनको समग्र रणनीति, नीति र उपायहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्न प्रशासनका **मुख्य सचिवको अध्यक्षतामा** रहने “**जिल्ला सुशासन संरचना सुदृढ गर्न**” गठन गरिने ।
- ➢ विभिन्न नीति ब्यूरो र विभागहरूको जिल्ला कार्यको **समन्वय र नेतृत्व** गर्न **प्रशासनका उपप्रमुख सचिवको अध्यक्षतामा** रहने "**जिल्ला सुशासन सम्बन्धी कार्यदल**" को पुन: स्थापना

<u>**सर्वसाधारणहरुका लागि ल्याइएका प्रस्तावहरूको फाईदाहरू**</u>

- **परिमार्जन गरिएका DCहरूले आधारभूत कानून अन्तर्गत आफ्नो पद पुनर्वहाली गर्ने छन् र हङकङको तथाकथित "स्वतन्त्रता" को वकालत गर्ने प्लेटफर्म हुने छैन ।**
- **सुदृढ जिल्ला सुशासन संरचनाले जनतालाई राम्रो सेवा दिन सक्छ ।**

*संरचना*

- देशभक्त र हङकङप्रति स्नेह राख्ने व्यक्तिहरूले धेरै माध्यमहरू मार्फत DC को कार्यमा सहभागी हुन सक्छन्; **व्यावसायिक ज्ञान, विभिन्न अनुभव र राम्रो क्षमता भएका धेरै व्यक्तिहरूले समुदायको सेवा गर्न DC मा प्रवेश गर्न सक्छन् ।**
- विभिन्न माध्यमहरूबाट रायहरू प्राप्त गर्नाले सरकारलाई विभिन्न दृष्टिकोणबाट समस्याहरू नियाल्न र **उपयुक्त नीतिहरू सूत्रबद्ध गर्न सक्षम बनाउन सक्छ ।**
- **विभिन्न अनुभव भएका अधिक सक्षम DCसदस्यहरूले सहयोगको आवश्यकता भएका बासिन्दाहरूलाई मद्दत प्रदान गर्न सक्छन् ।**
- **भौगोलिक निर्वाचन क्षेत्रको विस्तारले समग्र परिप्रेक्ष्यलाई सहज बनाउनको साथै विचार गर्न प्रोत्साहित गर्दछ ।**

*योग्यता समीक्षा संयन्त्र*

- **"देशभक्त द्वारा हङकङ प्रशासन गर्ने"** सिद्धान्त पूर्ण रूपमा लागू हुन सक्छ; DCs हङकङको तथाकथित "स्वतन्त्रता" को वकालत गर्ने प्लेटफर्म हुने छैन र राष्ट्रिय सुरक्षालाई अवमूल्यन गर्ने छैन, तर **जनताको जीविकोपार्जनमा ध्यान केन्द्रित गर्न पुनः सुरु गर्नेछन् ।**

*DC अध्यक्षको रूपमा DOs नियुक्त गरिदैं*

- **DOs ले DCs**, "का तीन समितिहरू" (डिस्ट्रिक्ट फाइट क्राइम कमिटी, डिस्ट्रिक्ट फायर सेफ्टी कमिटी र प्रत्येक जिल्लाको एरिया कमिटीहरू) र "केयर टोलीहरू" सँग राम्रो **समन्वय गरी सहकार्य सिर्जना गर्न र जनतालाई राम्रोसँग सेवा प्रदान गर्न सक्छन् ।**

*पारिश्रमिक प्याकेज*

- DC सदस्यहरूले जिल्ला स्तरमा कार्य गर्न र जनताको सेवा गर्न जारी राख्न सक्छन्।

*कार्यसम्पादन अनुगमन संयन्त्र*

- **सर्वधारणहरुले निरन्तर रूपमा** DC सदस्यहरूको कार्यसम्पादन **अनुगमन गर्न सक्छन्,** ताकि **DC सदस्यहरूले आफ्नो कर्तव्यहरू विधिवत रूपमा निर्वाह गरेको सुनिश्चित गर्न सकुन् ।**

*जिल्ला सुशासन संरचना सुदृढ गर्न*

- जिल्ला सुशासन संरचनामा विभिन्न दलहरूले तयार गरेका नीति र उपायहरू एकअर्कासँग राम्ररी समन्वय गरिएको र पूरक छन् । **जनताका मागलाई प्रभावकारी र समयसापेक्ष सम्बोधन गर्न** यी नीति र उपायहरू **तुरुन्तै लागू गर्न सकिन्छ** ।